बैठक नं. ०७/२०८१/०८२

आज मिति २०८१ पुस २१ गते आइतबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री धन कुमार राई | ४ नं. वडा का.वा. अध्यक्ष | ९८६२९८४०२९ | |
| ७ | श्री महल सिं राई | ५ नं. वडा अध्यक्ष | | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | सिता वि.क |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | चस्मीता |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री झमक बहादुर कटुवाल | नि. प्र.प्र.अ. | | |

सिता वि.क

चस्मीता

बैठक नं. ०७/२०८१/०८२

प्रस्ताव तथा निर्णयहरु

| सि.नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री दुर्गा बहादुर राईका पिता श्री गौरी शंकर राई को ७३ वर्षको उमेरमा मिति २०८१।०९।२१ गते विहान असामयिक निधन भएकोले मृतकको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो। |
| २ | वडा सीमांकन सम्बन्धमा | क) महाकुलुङ गाउँपालिका वडा नं. ४ र ५ को सिमानाको नक्सा सच्याउने सम्बन्धमा<br>नेपाल सरकारद्वारा गठित राज्यको पुनर्संरचना आयोगले नेपालको राज्य पुनर्संरचना गर्दा सोलुखुम्बु जिल्ला अन्तर्गत साविक गुदेल गा.वि.स.का १, २, ३ र ४ वडाहरु महाकुलुङ गाउँपालिकाको वडा नं. ४ तथा साविक गुदेल गा.वि.स. वडा नं. ५, ६ र ७ लाई महाकुलुङ गाउँपालिका वडा नं. ५ कायम गरी सोही बमोजिम प्रशासनिक काम कारवाही समचालन भई आएकोमा "गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोग" ले तयार पारी प्रकाशित गरेको राजनैतिक नक्शामा साविक गुदेल गा.वि.स. वडा नं. ४ र ५ को सिमाना नै हालको महाकुलुङ गाउँपालिका वडा नं. ४ र ५ को सिमाना कायम भएकोमा वडा नं. ५ को उत्तर-पश्चिम तर्फको सिमाना हुँगा खोलाको बाँया तर्फ वडा नं. ४ तर्फ घुसिन गई त्रुटी भएको देखिएकोले र सो को कारण जग्गा जमिनको जग्गा धनी प्रमाण-पुर्जा, सामुदायिक वन क्षेत्रको सिमाना, स्थानीय तहको विकास निर्माण, जलविद्युतको विकास निर्माण लगायत सम्पूर्ण प्रशासनिक कार्यमा वाधा अवरोध पर्न गएको हुनाले साविक गुदेल गा.वि.स.को वडा नं. ४ र ५ को सिमाना गुदेल गाउँको बीच भएर गुदेल मा.वि. लाई वडा नं. ४ तर्फ छोड्दै उत्तर पश्चिम सिमाना हुँगा खोला सम्म बग्ने खेउ खोल्सीलाई नै हालको महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ को सिमाना कायम हुने गरी नक्शा सच्याई पुनः प्रकाशनको निमित्त संघीय सरकारलाई लेखी पठाउने निर्णय गरियो ।<br>ख) महाकुलुङ गाउँपालिका वडा नं. १ को सोताङ गाउँपालिका सँगको सीमाना विदेल्खु खोला हुनुपर्नेमा "गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोग" ले तयार पारी प्रकाशित गरेको राजनैतिक नक्सामा लिप्खो खोलामा कायम हुँदा साविक बुङ गाविस वडा नं. १ को पाल्ले गाउँ नक्सा अनुसार सोताङ गाउँपालिकामा पर्ने देखिएको साथै साविक बुङ वडा नं. ८ हालको महाकुलुङ वडा नं. २ मा परेको र साविक बुङ ९ हालको वडा नं. १ मा परेकोमा प्रकाशित नक्सामा साविक वडा नं. ९ का केही क्षेत्रहरु हाल वडा नं. २ मा परेको देखिएकोले सो नक्सालाई आवश्यक परिमार्जन गर्नको लागि प्रदेश |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश नेपाल

बैठक नं. ०७/२०८१/०८२

<table>
<tr><td></td><td></td><td>सरकारको सिफारिसमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>कर्मचारीको तह वृद्धि सम्बन्धमा</td><td>यस महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिका कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको कोशी प्रदेशको कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ अनुसार सिफारिस समितिबाट सिफारिस भै आएको कर्मचारीको तहवृद्धि देहाय वमोजिम तह वृद्धि गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>हालको तह</th><th>वृद्धि गरिएको तह</th><th>पछिल्लो तीन वर्षको औसत का.स.मू. अंक</th></tr>
<tr><td>१</td><td>खरिधन राई</td><td>अधिकृतस्तर सातौं (सामान्य प्रशासन)</td><td>अधिकृतस्तर आठौं (सामान्य प्रशासन)</td><td>१००%</td></tr>
<tr><td>२</td><td>वसन्त कुमार राई</td><td>सहायकस्तर पाँचौं (स्वास्थ्य सेवा)</td><td>अधिकृतस्तर छैठौं (स्वास्थ्य सेवा)</td><td>१००%</td></tr>
<tr><td>३</td><td>एलिसा श्रेष्ठ</td><td>सहायकस्तर पाँचौं (सामान्य प्रशासन)</td><td>अधिकृतस्तर छैठौं (सामान्य प्रशासन)</td><td>१००%</td></tr>
<tr><td>४</td><td>हरिलाल कुलुङ</td><td>सहायकस्तर पाँचौं (सामान्य प्रशासन)</td><td>अधिकृतस्तर छैठौं (सामान्य प्रशासन)</td><td>१००%</td></tr>
<tr><td>५</td><td>जीवन राई</td><td>सहायकस्तर पाँचौं (सामान्य प्रशासन)</td><td>अधिकृतस्तर छैठौं (सामान्य प्रशासन)</td><td>१००%</td></tr>
</table>
पुनश्चः यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको दरवन्दी रिक्त रहेको र तहवृद्धि हुने अधिकृत स्तर सातौं तहका कर्मचारी खरिधन राई निमित्त प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा रहनु भएकोले निजको तहवृद्धिको निर्णय कार्यान्वयनका लागि कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ३८ को उपदफा (१) (क) वमोजिमको समितिमा रायको लागि लेखी पठाउने साथै कोशी प्रदेशको मूख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>जातीय सूचीकरण सिफारिस सम्बन्धमा ।</td><td>यस महाकुलुङ गाउँपालिकाले यस अघि नै गाउँपालिकामा जातीय सूचीकरण गरिसकेको कुलुङ जातिको आदिवासी जनजातिको सूचीमा सूचीकृत गर्नको लागि राष्ट्रिय जनजाति आयोग तथा नेपाल सरकारलाई सिफारिस गरी पठाउने निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>जनसुधार आविमा प्र.अ. व्यवस्थापन सम्बन्धमा</td><td>यस महाकुलुङ गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री जनसुधार आविमा कार्यरत प्र.अ. श्री जानुकादेवी कट्टेलको विद्यालयको प्रशासनिक कार्यसम्पादन सन्तोषजनक नभएको, कार्यपालिकामा पटक पटक यो विषयमा छलफल भएको, महाकुलुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट मिति २०८१।०९।०९ को मितिमा सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको, अनुगमणका क्रममा शिक्षा शाखाबाट प्र.अ. को जिम्मेवारी परिवर्तन गर्नुपर्ने लिखित सुझाव दिइएता पनि हालसम्म</td></tr>
</table>

सिता बिका

निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | कार्यान्वयन नभएको कारणले वहाँलाई प्र.अ.को जिम्मेवारीबाट मुक्त गरी शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ मा भएको व्यवस्था वमोजिम नयाँ प्र.अ. नियुक्ति प्रक्रियाको लागि सम्वन्धित विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने निर्णय गरियो । |
| ६ | बुङ प्रहरी चौकीको स्तरउन्नती सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको वडा नं. १ मा रहेको बुङ प्रहरी चौकी प्रहरी सहायक निरीक्षकको नेतृतवमा रहेकोमा गाउँपालिकाको भौगोलिक क्षेत्र ठूलो रहेको, जनसंख्या धेरै रहेको, महाकुलुङ आधारधूत अस्पतालमा पोष्टमार्टम सेवा सुरु गर्न लागिएको, घाउजाँच लगायतका सेवा दिनुपर्ने साथै गाउँपालिकाभित्रको अन्य प्रहरी चौकीको समेत नेतृत्व गर्ने प्रहरी नेतृत्व आवश्यक रहेको तथा प्रहरीको दरवन्दी संख्या समेत आवश्यक रहेकोले बुङ प्रहरी चौकीलाई प्रहरी निरीक्षक वा कम्तिमा प्रहरी नायव निरीक्षक (सई) को नेतृत्वमा रहने गरी स्तरोन्नति गर्न प्रक्रिया अगाडी बढाउनको लागि सोलुखुम्बु जिल्लाको जिल्ला सुरक्षा समितिलाई अनुरोध गरी पठउने निर्णय गरियो । |
| | वडा नं. ४ को बजेट रकमान्तर सम्वन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. ४ को मिति २०८१ पुस ११ गतेको वैठकले गरेको रकमान्तर सम्बन्धी निर्णयलाई देहाय वमोजिम पारित गरी आउने गाउँसभाबाट अनुमोदन गराउने निर्णय पारित गरियो ।<br>विनियोजित वजेटः हुँगा खोला (वडा नं. ४ सडक स्तरोन्नति, रु. ६० लाख)<br>रकमान्तर गरिएको शिर्षक<br>१) साहुने सिलुछो पर्यटन पदमार्ग क्रमागत — रु. ३० लाख<br>२) कोथा पहिरो रोकथाम तथा ढल व्यवस्थापन — रु. १० लाख<br>३) देवा वनपाला पहिरो रोकथाम — रु. ६ लाख<br>४) वुकुर पर्यटन पदमार्ग निर्माण क्रमागत — रु. १० लाख<br>५) साम्फोदो ढल व्यवस्थापन — रु. ४ लाख |
| ८ | प्रदेश तथा केन्द्रीय सरकार समक्ष योजना माग गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने गरी कोशी प्रदेश सरकार र संघीय सरकारसँग देहायका योजना कार्यक्रम तथा अनुदान माग गर्ने निर्णय गरियो ।<br>१) संघीय विशेष अनुदान — महाकुलुङ आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन (वजेट रु. २ करोड)<br>२) संघीय समपूरक अनुदान — बुदुम खोला मोटरेबल पुल निर्माण (रु. २ करोड)<br>३) प्रदेश समपूरक अनुदान — इन्द्र कुलुङ चक्रपथ स्तरोन्नति तथा ग्राभेल (रु. २ करोड)<br>४) प्रदेश विशेष अनुदान — महाकुलुङ आधारभूत अस्पताल मर्मत सुधार (रु. १ करोड ५० लाख)<br>५) संघीय सरकारको सम्बन्धित मन्त्रालय तथा निकायलाई माग गर्ने योजनाहरुः |

| | | |
|---|---|---|
| | | क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — पाँचपोखरी देखि मेरापिक क्षेत्रमा पदमार्ग निर्माण (रु. १ करोड)<br>ख) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — पोम्लालुङ क्षेत्र संरक्षण परियोजना (रु. १ करोड)<br>ग) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय/नेपाल पर्यटन वोर्ड - पाँचपोखरी देखि मेरापिक क्षेत्रमा संकेतचिन्ह (signage) निर्माण (रु. ४० लाख)<br>घ) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — इन्द्र कुलुङ चक्रपथ स्तरोन्नति तथा कालोपत्रे निर्माण<br>६) कोशी प्रदेश मन्त्रालय तथा निकायसँग माग गर्ने योजनाहरुः<br>क) पर्यटन, वन तथा वातावरण मन्त्रालय — साल्पा सिलुछो देखि वुकुर पदमार्ग निर्माण परियोजना (रु. १ करोड)<br>ख) पर्यटन, वन तथा वातावरण मन्त्रालय — बुकुर दोबाटो पर्यटन पदमार्ग निर्माण<br>ग) स्वास्थ्य मन्त्रालय — महाकुलुङ आधारभूत अस्पताल मेसिनरी वाल निर्माण तथा रेलिङ निर्माण (रु. १ करोड)<br>घ) भौतिक पूर्वाधार विकास मन्त्रालय — तिउ देखि साल्पा सडक ट्र्याक ओपन (डिपीआर अनुसारको आवश्यक वजेट)<br>ङ) भौतिक पूर्वाधार विकास मन्त्रालय — पोछाक-तुङमादो-नाजिङ सडक ट्र्याक ओपन (वजेट रु. ५० लाख)<br>च) खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय — पेल्माङ सिंचाईं आयोजना निर्माण<br>छ) खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय — वडा नं. ४ खानेपानी योजना निर्माण निरन्तरता<br>ज) पेल्माङ खानेपानी निर्माण निरन्तरता<br>झ) सामाजिक विकास मन्त्रालय — सगरमाथा मावि, बुङमा ३ कोठे सभाहल/तालिमहल निर्माण<br>ञ) सामाजिक विकास मन्त्रालय — महाकुलुङ गाउँपालिका, बुङमा खेलकुद कभर्ड हल निर्माण<br>ट) भौतिक पूर्वाधार विकास मन्त्रालय — कोलाम — खिरौले सडक स्तरोन्नती<br>ठ) भौतिक पूर्वाधार विकास मन्त्रालय — बुङ ढल व्यवस्थापन, गुदेल ढल व्यवस्थापन, छेस्काम ढल व्यवस्थापन । |
| ९ | मुन्दुम ट्रेलको डिपिआर निर्माण | मुन्दुम ट्रेलको डिपिआर निर्माण तथा ट्रेल निर्माणको लगि आवश्यक वजेट व्यवस्थापनको लागि सहयोगी संस्था हेल्भिटास नेपाल (स्वीस सरकार) को निकायलाई |

बैठक नं. ०७/२०८१/०८२

| | | |
|---|---|---|
| | तथा वजेट व्यवस्थापन | अनुरोध गरी पठाउने, जसको लागि देहायको पदमार्गको प्राथमिकताक्रम निर्धारण गरी पठाउने निर्णय गरियो ।<br>देहाय<br>१) साल्पा सिलुछ्छोबाट साउनेथाम, पोम्लालुङ, बुकुर हुदैं छेस्काम<br>२) साल्पा सिलुछ्छोबाट साउनेथाम, पोम्लालुङ, बुकुर हुदैं छेम्सी, मुढ्ढि, मेरापिक, सगरमाथा<br>३) साल्पा सिलुछ्छोबाट साउनेथाम, पोम्लालुङ, बुकुर हुदैं छेम्सी, मुढ्ढि, मेरापिक, कोठे, माप्य दुधकोशी (खालिङ क्षेत्र)<br>४) साल्पा सिलुछ्छोबाट साउनेथाम, पोम्लालुङ, बुकुर हुदैं छेस्काम, पाँचपोखरी, मेरापिक, कोठे<br>५) साल्पा सिलुछ्छोबाट साउनेथाम, पोम्लालुङ, बुकुर, केन्पा, गौभित्ता |

हाकुलुङ गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>बुङ, सोलुखुम्बु<br>कोशी प्रदेश,नेपाल